# आर्थिक वर्ष २०८१/०८२ को बजेट बक्तव्य

कुश्मा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत

२०८१ असार ०७

"समृद्ध सुन्दर कुश्मा नगर"

कुश्मा नगरपालिकाको सम्मानित एघारौ नगरसभा २०८१ साल असार ०७ गते शुक्रवारका दिन नगरपालिका उपप्रमुख श्री स्वस्थानी रिजालज्यूबाट प्रस्तुत

# आर्थिक वर्ष २०८१/०८२ को
# बजेट वक्तव्य
# २०८१

कुश्मा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मा पर्वत

कुश्मा नगरपालिकाको एघारौं नगर अधिवेशनका अध्यक्ष एवं कुश्मा नगरपालिकाका नगर प्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, सभामा उपस्थित नगर सभाका सदस्य ज्यूहरु, कुश्मा नगरपालिकाका कर्मचारी साथीहरु,विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गरि यस गरिमामय सभामा उपस्थित हुनु भएका विशिष्ट महानुभावहरु, विभिन्न माध्यमबाट यस अधिवेशनलाई सम्प्रेषण गर्नुहुने संचारकर्मी मित्रहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरु एव सम्पुर्ण नगरवासीहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु ।

**आदरणीय सभाका सभाअध्यक्ष ज्यू,**
**नगर सभाका सदस्य ज्यूहरु,**

१. नेपालको संविधान २०७२ ले स्थानीय सरकारलाई जनताको समुन्नतिको लागि दीर्घकालिन विकास एजेण्डाका साथ अगाडी बढ्ने जिम्मेवारी दिएको छ। संविधानको मर्म बमोजिम स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहमा नै नीति तथा योजना तर्जुमा गर्ने अधिकार प्रदान गरे अनुरुप कुश्मा नगरपालिकाको नगर उपप्रमुख एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले नेपालको सविधानले तोकेको समयसिमा भित्रै आ.व. २०८१/०८२ को वार्षिक वजेट तथा कार्यक्रम सम्मानित नगरसभामा प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुस गरेकी छु ।

२. यस अवसरमा नेपालको राष्ट्रियता, राष्ट्रीय स्वाधिनता, गणतन्त्र एव लोकतन्त्र स्थापना तथा सामाजिक न्याय र समानता सहितको संघीय शासन प्रणाली र विभिन्न राजनैतिक परिवर्तनका लागि आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात वीर सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु । साथै घाईते, वेपत्ता योद्धा एवम् पिडित परिवार र नागरिक प्रति कुश्मा नगरपालिकाको तर्फबाट हार्दिक सम्मान र सहानुभुति व्यक्त गर्दछु । मुलुकको परिवर्तनका लागि भएका सबै राजनैतिक आन्दोलन तथा आर्थिक र सामाजिक सबलीकरणको लागि नेतृत्वदायी भुमिका खेल्ने शिखर व्यक्तित्वहरुप्रति सम्मान व्यक्त गर्दछु ।

३. नेपालको सविधानको धारा २३० बमोजिम प्रस्तुत बजेट समन्वय, सहअस्तित्व र सहकार्यलाइ मजवुत वनाउदै सघियतालाइ सबल वनाउन वास्तविक रुपमा जनता मालिक, जनप्रतिनिधी र कर्मचारी सेवक रहेको अनुभुती दिलाउदै "**समृद्ध सुन्दर कुश्मा नगर**"को दिर्घकालिन सोच राखि लक्ष्य प्राप्तिका लागि साझा धारणा वनाई कार्य गर्ने तर्फ प्रस्तुत वजेट परिलक्षित हुनेछ ।

४. स्थानीय जनताको प्राथमिकता र आवश्यकता अनुसारनै योजना तर्जुमा र कार्यान्वयन हुने भएको हुँदा जनताका विचार र भावनाहरु प्रतिबिम्बित हुने गरी नै बजेट तर्जुमा गरिएको ब्यहोरा यो सम्मानित सभालाई विश्वास दिलाउन चाहन्छु ।

५. नेपालको संविधानले स्थानीय तहलाई दिएको अधिकार क्षेत्र, संघीय तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, सोह्रौं योजनाले तोकेका प्राथामिकताको क्षेत्र, प्रादेशिक आवधिक योजना, कुश्मा नगरपालिकाको आवधिक योजना र मध्यकालीन खर्च संरचना, नेपाल सरकारले अन्तराष्ट्रीय स्तरमा गरेका प्रतिवद्धता, दिगो विकासका लक्ष्य एवम् प्रचलित ऐन, कानुन तथा कार्य विधिबाट निर्देशित भई सम्मानित नगरसभामा स्वीकृत नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरेकी छु ।

६. कुश्मा नगरबासीहरुको माग, चाहना र आवश्यकता पुरा गर्न टोलस्तर/वडा स्तर/नगरस्तरमा भएका छलफल तथा अन्तरक्रियात्मक कार्यक्रम, विषयगत समितिमा भएका छलफल, नागरिक समाज, बुद्धीजीवी, पत्रकार, राजनितिक दल/भातृ संघ, संगठन र विभिन्न माध्यमबाट प्राप्त रचनात्मक सुझावलाई समेटेर बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

७. संघीय तथा प्रदेश सरकारबाट बाँडफाँड भई प्राप्त हुने राजस्वको सीमाभित्र रहि प्रशासनिक तथा कार्यालय संचालन खर्च समेतलाई दृष्टिगत गरि बजेट प्रस्ताव गरेकी छु । नेपाल सरकार एवम् प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भई प्राप्त हुने समानीकरण अनुदान, सशर्त/समपुरक/विशेष अनुदान र कुश्मा नगरपालिकालाई प्राप्त हुने आन्तारिक राजस्व समेत एकिकृत गरि बजेटको प्राथमिकता र उद्देश्य हासिल गर्नका लागि वजेट विनियोजन गरेकी छु ।

**आदरणीय सभाका सभाअध्यक्ष ज्यू,**
**नगर सभाका सदस्य ज्यूहरु,**

८. अव म चालु आ.व. २०८०/०८१ को वजेट तथा कार्यक्रम कार्वान्यनको समिक्षा प्रस्तुत गर्न चाहन्छु ।

- चालु आर्थिक वर्षका लागि रु. ८८ करोड १६ लाख ५६ हजार रकम विनियोजन भएकोमा आषाढ ६ गते सम्म रु. ५१ करोड ४ लाख खर्च भई ५८ प्रतिशत प्रगति हाँसिल भएको छ भने आषाढ मसान्त सम्म ८७ प्रतिशत खर्च हुने अनुमान रहेको छ ।
- चालु आर्थिक वर्षमा कुल विनियोजित रकम मध्ये आन्तरिक स्रोतवाट रु ७ करोड ७४ लाख व्यहोर्ने अनुमान गरिएकोमा हाल सम्म रु. १ करोड ७४ लाख मात्र संकलन भएको छ । यसमा स्रोत अनुमान गर्दा वढी महत्वकाँक्षी भएको महशुस भएको छ ।
- आ.व. २०७९/०८० को अन्तिम लेखापरिक्षण प्रतिवेदन प्राप्त भएको छ । चालु खर्च घटाउने प्रत्येक आ.व. मा बेरुजु देखिएका खर्चको सन्दर्भमा सम्बन्धित अधिकारीलाइ

जिम्मेवार वनाउने र निरन्तर नियमन गरी वढ्दो वेरुजु कम गर्न आवश्यक व्यवस्था मिलाइने छ । चालु आर्थिक वर्ष २०८०/०८१ को जेठ मसान्त सम्मको आन्तरिक लेखा परिक्षण समेत सम्पन्न भईसकेको छ ।

९. अब म चालु आ. व. २०८०/८१ मा प्राप्त गरेका मुख्य उपलब्धीहरु प्रस्तुत गर्न चाहन्छु ।

- कुश्मा नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि टेण्डर प्रक्रिया पुरा भई वोलपत्र मूल्याङ्कनको अन्तिम चरणमा रहेको छ ।
- सार्वजनिक जवाफदेहिता प्रबर्द्धन गर्नका लागि कुश्मा नगरपालिका भित्रका विभिन्न १० वटा वडाहरुमा सार्वजनिक सुनवाई कार्यक्रम सम्पन्न भएको छ ।
- चालु आ.व. मा ठुला पूर्वाधारका जम्मा ९ वटा आयोजनाको वोलपत्र आह्वान भई निर्माणाधिन रहेका छन । चालु आर्थिक वर्षको जेठ मसान्त सम्म वडा नं. १४ को वडा कार्यालय भवन निर्माणको कार्य अन्तिम चरणमा रहेको छ । वडा नं. १ को वडा कार्यालय निमार्णाधिन अवस्थामा रहेको छ ।
- नगरपालिकाको वडा नं. १४ आर्थरमा प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत बेरोजागार व्यक्तिहरुलाई सामुहिक र एकिकृत खेती प्रणालीको माध्यमबाट हजार दिनको रोजगारी सृजना गरि रैथाने बालि कोदो उत्पादन मार्फत पालिकाबासी जनतामा खाद्य सम्प्रभुता तथा खाद्य सुरक्षा अभिवृद्धिको साथै भूमिको उत्पादकत्व वढाउन कृषकहरुलाई वैज्ञानिक खेती प्रणालीमा आकर्षिक गरिएको छ।
- नगर कार्यपालिकाको कार्यालयबाट कार्यान्वयन हुने सबै योजना उपभोक्ता समिति र ठेक्का मार्फत कार्यान्वय प्रकृया अगाडी बढी ३२० वटा योजना रहेकोमा २०१ बटा योजना सम्पन्न भएका छन । अन्य योजनाहरु काम सम्पन्न भइ भुक्तानीको चरणमा रहेका छन् ।
- नगरपालिकाका हरेक गतिविधीहरु नियमित रुपमा वेबसाइट, एप्लिकेसन र अन्य विद्युतीय संजाल मार्फत सार्वजनिक गरिदै आएको छ । सि.सी क्यामेरा, नेटवर्किङ्ग, विद्युतीय हाजिर लागू गरी प्रविधीमैत्री सेवा प्रवाहमा जोड दिईएको छ ।
- भौतिक पूर्वाधार तर्फ चालु आर्थिक वर्ष २०८०/०८१ को हालसम्म नगरपालिका भित्र ८०३ मिटर कालोपत्रे गरिएको सडक, ३४३५ मिटर नयाँ ट्र्याक खोलिएको, २६९८ मिटर पक्की नालि निर्माण, २४०९ मिटर कच्ची नालि निर्माण, ५८१४ मिटर ग्रावेल सडक, १४२८ मिटर सडक ढलान कार्य, १२५१ मिटर छपनी ढुंगा प्रयोग गरी निर्मित सिढी,

४७३.५ घनमिटर ग्याबिन जाली भर्ने काम, २३० मिटर सुख्खा ढुंगाको वाल निर्माण र १६४६ मिटर ढुङ्गाको सडक सोलिङ्ग कार्य सम्पन्न भएको छ ।

- उपभोक्ता समितिका पदाधिकारीको लागि योजना कार्यान्वयन सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।
- १८२० मिटर खानेपानीको लाइन विस्तार र ५३ वटा खानेपानीका धारा निमार्ण कार्य सम्पन्न भएको छ ।
- सामाजिक सुरक्षा भत्ता  सबै लाभग्राहीको खातामा नै **EFT** मार्फत भुक्तानी हुने व्यवस्था मिलाइएको छ।
- विद्यालयमा कार्यरत ७० जना बाल शिक्षक १८ जना विद्यालय कर्मचारी र ७० जना कार्यलय सहयोगी कर्मचारीहरुको तलव थप भएको छ ।
- विद्यालयमा कार्यरत ७० जना प्रधानाध्यापकहरुको प्र.अ. भत्ता रकममा शत प्रतिशत थप गरिएको छ ।
- स्काउट प्रवर्द्धनका लागि माध्यमिक विद्यालयमा कार्यरत २५ जना शिक्षकहरुको लागि स्काउट सम्बन्धी ५ दिने आधारभूत तालिम सञ्चालन गरिएको छ ।
- स्थानिय पाठ्यक्रम निमार्ण भइ आगामी शैक्षिक शत्र देखि कार्यवान्वयन हुने चरणमा रहेको छ । यसमा कुश्मा नगरपालिकाको प्रमूख चिनारीका रुपमा रहेका साँस्कृतिक, पर्यटकिय, प्राकृतिक र धार्मिक स्थलहरुको पहिचान गराईएको छ ।
- नगरपालिका स्तरिय कक्षा ८ को आधारभूत तह उत्तीर्ण परीक्षा सम्पन्न गरिएको छ । उत्तरपुस्तिकाहरु नगरपालिकामा नै झिकाइ परिक्षण गरिएको छ ।
- १२ वटा विद्यालयमा स्मार्ट स्कुल कार्यक्रम सम्पन्न गरिएको छ ।
- सामुदायिक विद्यालयमा कक्षा ६ देखि १० सम्म अध्ययनरत करिब १३०० छात्राहरुलाई निशुल्क सेनेटरी प्याड वितरण गर्ने कार्यालई निरन्तरता दिइएको छ ।
- बाल कक्षा देखि ५ सम्म अध्ययनरत बालबालिकाहरुको लागि दिवा खाजाको व्यवस्थापन गरिएको छ ।
- नगरपालिका स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सफलतापूर्वक सम्पन गरिएको छ भने जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी भई कुश्मा नगरपालिकाले लगातार दोस्रो पटक प्रथम स्थान हासिल गर्न सफल भएको छ ।

- स्वास्थ्य सेवातर्फ नगरपालिकाका १४ वटै वडामा कोभिड-१९ रोग बिरुद्धको खोप १२ बर्ष देखी माथीका सबै नागरिकहरुका लागि दोस्रो वुस्टर प्रदान गरिसकिएको छ। खोपको पहुँचमा कोही नछुटुन भन्ने उद्धेयले खोज र खोप अभियान सुरु गरिएको छ।
- क्षयरोगका शंकास्पद बिरामीहरुको पहिचानको लागि क्षयरोगमुक्त अभियान कुश्मा नगरपालिकाको सवै वडामा समिती गठन तथा सुक्ष्म योजना तर्जुमा गर्ने कार्य सम्पन्न गरिएको छ ।
- विद्यालय स्वास्थ्य तथा विद्यालय पोषण कार्यक्रमको अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।
- राष्ट्रिय भिटामीन ए कार्यक्रम अन्तर्गत ५ बर्ष मुनीका सबै बाल बालिकाहरुलाई जुकाको औषधी खुवाउने कार्यक्रम सम्पन्न गरिएको छ।
- मधुमेह, उच्च रक्तचाप, मुटुरोग, मृगौला जस्तारोगहरुको कम्तीमा महिनामा एक पटकनगरपालिका अन्तर्गतका १७ वटै स्वास्थ्य संस्थाबाट ६० बर्ष माथिका जेष्ठनागरिक तथा अन्य जोखिममा भएका नागरिकहरुका लागी जाँच तथा प्रेषण सेवा प्रदान गर्दै आइरहेको छ।
- ९ महिनादेखी ५ वर्ष मुनिमा सम्पुर्ण वालवालिकाहरुलाइ दादुरा रुवेला खोप लगाउने कार्य सम्पन्न गरिएको छ ।
- सुत्केरी सँग उप-प्रमूख कार्यक्रम अन्तर्गत नगरपालिका अन्तर्गतका ४ वटै वर्थिङ्ग सेन्टरहरुमा २४ सै घण्टा विद्युत सेवा उपलब्ध गराउनका लागि इन्भटरको ब्यवस्था गरिएको छ साथै चालु आ.व. मा सुत्केरी भएका १८८ जना महिलाहरुका लागि पोषण खर्च वितरण गरिएको छ ।
- नगरपालिका भित्रका अपाङ्गता भएका नागरिकहरुको पहिचानका लागि क, ख, ग र घ वर्गका गरी हालसम्म यस आर्थिक वर्षमा ७६ जना व्यक्तिलाई अपाङ्गता परिचयपत्र र ४० जना ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण गर्ने कार्यसम्पन्न भएको छ ।
- महिला तथा बालबालिकातर्फ लैङ्गिक हिंसा विरुद्वको १६ दिने अभियान विभिन्न जनचेतनामुलक कार्यक्रम गरी सम्पन्न गरिएको तथा राष्ट्रिय बाल दिवस ,अन्तराष्ट्रिय अपाङ्ग दिवस, अन्तराष्ट्रिय महिला दिवस जस्ता दिवसहरु सरोकारबाला व्यक्ति तथा संस्थाको संलग्नतामा मनाउने कार्य गरिएको छ ।

- नगर स्तरिय दलित सञ्जाल मार्फत नगरपालिका भरका करिव १३०० व्यक्तीहरुलाई दलित सचेतिकरण कार्यक्रम सञ्चालन गरिएको छ ।
- हिंसा प्रभावित महिलाहरुका लागि अल्पकालीन आश्रय स्थल सेफ हाउस संचालन गरि यसवाट १९ जना महिलाहरु प्रत्यक्ष लाभावन्वित भएका छन ।
- नगरपालिका अन्तर्गतका ६ वटा वडामा वडास्तरीय बाल क्लब गठन गरिएको छ ।
- **राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम** अन्तर्गत कुश्मा नगरपालिका वडा नं. १ पाङका २५ जना विपन्न महिलाहरुको लागि कार्यक्रम सञ्चालन गरिएको छ ।
- महिला सहकारी संस्थाका पदाधिकारीहरुको लागि ३ दिवसिय नेतृत्व तथा क्षमता विकास तालिम सञ्चालन गरीएको छ जसबाट ४८ जना भन्दा वढी सहभागीहरु प्रत्यक्ष लाभान्वित हुनुभएको छ ।
- अन्तराष्ट्रिय महिला श्रमिक दिवशको अवसरमा कुश्मा नगरपालिकाको माझी बस्तीका महिलाहरुलाई प्रजनन स्वास्थ्य सम्बन्धी शिविर सञ्चालन तथा खाधान्न वितरण गरिएको छ ।
- कुश्मा नगरपालिका भित्र रहेका **मध्यम अपाङ्गता "ग" वर्गको अपाङ्गता** प्राप्त गरेका व्यक्तिहरुको ५० प्रतिशत अनुदानमा स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरिएको छ।
- नगर क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापनको लागि नगरपालिका आँफैले कार्य अगाडी वढाएको छ ।
- नगरपालिका स्तरमा २ वटा मौरीपालन सम्वन्धी तालिमबाट ६० जना कृषक लाभान्वित हुनुका साथै ९० वटा मौरी गोला तथा १५० वटा खालीघार वितरण कार्यक्रम सम्पन्न भएको छ ।
- १५१३ घरधुरीलाई किसान सूचीकरण प्रणालीमा आवद्ध गरिएको छ।
- कुश्मा नगरपालिका वडा नं ४ मा गुप्तेश्वर धार्मिक पर्यटन प्रबर्द्धन केन्द्रको गुरुयोजना तयार भई सोही अनुसार निर्माण कार्य भै रहेको छ ।
- उद्यम विकास कार्यक्रम अन्तर्गत कुश्मा नगरपालिका वडा नं. १० मा ३५ जनालाई उद्यमशिलता विकास कार्यक्रम र २९ जनालाई केराको अचार तथा चिप्स बनाउने सिप विकास तालिम सम्पन्न गरिएको छ ।
- उद्यमशिलता विकासको आधार रहेको सिप विकासलाई विविधिकरण गर्दै ढाका सारी बुनाई, लप्सी अचार तथा क्याण्डी बनाउने तालिम सम्पन्न भएको छ ।

- नगरविकासको आधारको रुपमा रहेको उद्यमशिलता लाई प्रबर्द्धन गर्न **नगरप्रमुख सँग उद्यमशिलता विकास कार्यक्रम** अन्तरगत ५० जनालाई उद्यमशिलता विकास तालिम, ३४ जनालाई मौरीपालन सम्बन्धी तालिम दिई १-१ वटा मौरीघार वितरण र १६ जनालाई कुखुरापालन तालिम सम्पन्न गरिएको छ ।
- सहकारी संस्थाका सम्बन्धमा प्राप्त ८ ओटा गुनासो र उजुरी मध्ये ७ वटाको स्थलगत अनुगमन तथा निरीक्षण गरी आपसी छलफल द्वारा समस्याको समाधान गरिएको र एउटा सहकारी संस्थाको बारेमा आवश्यक अनुसन्धान तथा कारबाहीको लागि जिल्ला प्रहरी कार्यालयमा पठाईएको छ ।
- नगरपालिका अन्तर्गतका २५ सहकारी संस्थालाई व्यवसाय करको दायरामा ल्याएर रु २,४८,४२५ कर संकलन गरिएको छ ।
- नगरपालिकाको नियमन क्षेत्र भित्र रहेका दुई सहकारी संस्थाहरुलाई एक आपसमा समायोजन गरी संयुक्त रुपमा कारोबार सञ्चालन गर्ने अनुमति प्रदान गरिएको छ ।
- नगरपालिकाको नियमन क्षेत्रभित्र रहेका जम्मा १०६ वटा सहकारी संस्थामध्ये ७२ वटाको आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण प्रतिवेदनका आधारमा एकिकृत विवरण तोकिएको ढाँचामा सहकारी विभागमा पठाइएको छ ।
- नगरभित्र सफा र स्वच्छ मासु तथा मासुजन्य पदार्थको व्यवस्था गर्न मासु पसल, फ्रेस हाउस तथा बधशालाको नियमित अनुगमन गरी मासुपसल फ्रेस हाउस सुधार कार्यक्रम सम्पन्न गरीएको छ ।
- छाडा तथा सामुदायिक कुकुरहरुवाट मानिसमा सर्ने रेविज र वढ्दो सडक दुर्घटना न्युनिकरण गर्ने उदेश्य सहित **"Zero Rabies By 2030"** नारा सहित सामुदायिक कुकुरमा बन्ध्यकरण र रेविज विरुद्धको खोप कार्यक्रम सञ्चालन गरी गण्डकी प्रदेशमै उत्कृष्ट कार्य सम्पादन पुरस्कार प्राप्त गरेको छ ।
- राजश्व प्रणालीको विकास र विस्तारको लागी जनप्रतिनिधी र कर्मचारीहरुका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।
- आंशिक रुपमा सुरु गरिएको सुत्र रेभिन्यू मोडलको कार्यान्वयनको अवस्था, कार्यान्वयनमा देखिएका जटिलताको समाधान गर्न र राजश्व अभिवृद्दीका लागि सम्पूर्ण वडामा जनप्रतिनिधि तथा राजश्व संकलनमा संलग्न कर्मचारीहरुवाट अनुगमन गरिएको छ ।

- रोजगार प्रवर्द्धन कार्यक्रम अन्तरगत सुचिकृत भएका १०२४ जना वेरोजगार व्यक्ती मध्ये विभिन्न १६ वटा योजनाको माध्यमवाट ९० जना व्यक्तीहरुलाइ १०० दिनको रोजगारी प्रदान गरीएको छ ।

**आदरणीय सभाका अध्यक्ष ज्यू,**
**नगर सभाका सदस्य ज्यूहरु,**

१०. अब म कुश्मा नगरपालिकाको आगामी आ.व. ०८१/८२ को बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्न चाहन्छु ।

११. "**समृद्ध सुन्दर कुश्मा नगर**" भन्ने लक्ष्य पूरा गर्नका लागि तयार पारिएको आगामी आ.व. २०८१/०८२ को बजेटका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहनेछन् ।

- पुर्वाधार विकासको दिगोपन र गुणस्तरीयता कायम गर्न स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग गर्ने ।
- गुणस्तरीय शिक्षामा पँहुच तथा लगानी बृद्धी गर्ने ।
- सामाजिक विकासको क्षेत्रमा लगानी बढाई स्वास्थ्यको गुणस्तरमा सुधार ल्याउने एवम् खानेपानीको पहुँचमा अभिवृद्धि गर्ने ।
- कृषिलाई मर्यादित पेशाका रुपमा स्थापित गराई उत्पादनमा युवा परिचालन र प्रोत्साहन गरी निर्वाहमुखी कृषिलाई व्यवसायमा रुपान्तरण गर्ने ।
- नगरभित्रका धार्मिक तथा पर्यटकीय क्षेत्रको संरक्षण,प्रचार एवं विकासका लागि सार्वजनिक निजी साझेदारीलाई प्रोत्साहन गर्ने।
- लक्षित समूहको संरक्षण विकास र सशक्तिकरण गराई उनीहरुलाई विकासको मूलप्रवाहमा ल्याउने ।
- विपद्जन्य प्रकोपबाट हुने क्षतिलाई न्युनीकरण गरी दिगो विकासको आधारशिला तयार गर्ने ।
- नगरपालिकाबाट प्रवाह गरिने सेवालाई सेवाग्राहीमैत्री बनाई सेवाप्रवाहमा पारदर्शिता, वित्तिय अनुशासन, आर्थिक सुशासन तथा उत्तरदायित्व अभिवृद्धि गर्ने ।

**यस गरिमामय सभाका सभाध्यक्षज्यू,**

१२. अब म आ.व. २०८०/०८१ को बजेटका मुख्य प्राथमिकताहरु प्रस्तुत गर्दछु ।

- नगर र वडा कार्यलयका प्रशासनिक भवन निर्माण तथा वडागत पूर्वाधार निर्माण गर्ने ।

- आन्तरिक राजस्वको दायरा फराकिलो बनाउँदै आन्तरिक आय वृद्धि गर्ने ।
- नगरपालिकाभित्र रहेका नागरिकहरुको असन्तुलित आयलाइ सन्तुलनमा ल्याउन सामाजिक न्यायमा आधारित कार्यक्रमहरु सञ्चालन गर्ने ।
- विश्व बजारमा देखिएको आर्थिक मन्दीका कारण नगरबासीहरुमा देखा परेको विचलनलाइ न्युन गर्न हरेक वडा तथा टोलहरुमा जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- नगरपालिकामा वसोवास गर्ने अल्पसख्यक समुदायको पहिचान गरी सरक्षण गर्ने ।
- लोपोन्मुख परम्परागत सास्कृतीक नाँचगान नाटक भजन तथा रितिरिवाजहरुको संरक्षण गर्ने ।
- धार्मिक एवम् वैदिक महिमा बोकेका पर्यटकीय क्षेत्रको प्रचार प्रसार गरी पर्यटकिय आकर्षणको केन्द्र बनाउने ।
- नगरबासीहरुलाई कृर्षि उत्पादन वढाउन प्रेरित गर्दै तरकारी फलफुल दुग्धजन्य पदार्थ मासुजन्य बस्तु र अन्य प्रमुख वाली उत्पादन गर्ने व्यावसायिक कृषकहरुको पहिचान गर्ने ।
- परम्परागत पेशा ब्यवसायलाई संरक्षण तथा संवर्द्धन गरि स्वावलम्बी वनाउने ।

**आदरणीय सभाका सभाअध्यक्ष ज्यू**

**नगर सभाका सदस्य ज्यूहरु,**

१३. अव म आगामी आर्थिक बर्षको वजेटका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहान्छु,

**आर्थिक विकास क्षेत्रः**

१४. कुश्मा नगरपालिकालाई उत्पादनमा आधारित कृषि क्षेत्रको विकास गरि आत्मनिर्भर कुश्मा वनाउन नयाँ केरा पकेट विकास कार्यक्रम, कृषी पशुपन्छी तथा मत्स्य तथ्याङ अद्यावधिक कार्यक्रम, रैथाने वाली प्रवर्द्धन कार्यक्रम, किसान सुचिकरण, एक गाँउ एक प्रविधिक आदी कार्यक्रमहरु सञ्चालन गर्न ६० लाख ८८ हजार वजेट विनियोजन गरेकी छु ।

१५. उद्यमशिलताको माध्यमवाट गरिवी निवारणका लागि **नगर प्रमूख सँग उद्यमशिलता कार्यक्रम**का लागि रु. ३० लाख विनियोजन गरेकी छु ।

१६. स्थानीय स्तरका वेरोजागार युवाहरुलाई रोजगारी सृजना गरी संविधान प्रदत्त रोजगारीको मैलिक हकको प्रत्यभुतिका लागि **नगरप्रमुख रोजगार कार्यक्रमका** गर्न १० लाख वजेट विनियोजन गरेकी छु । युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजनामा संघीय सरकारवाट ५८ लाख वजेट प्राप्त भएको छ ।

१७. कुश्मा नगरपालिकाको समग्र साँस्कृतिक पर्यटन प्रवर्द्धनका लागि वंशगोपाल मन्दिर कु.न.पा २, देवी मन्दिर तथा प्रतिक्षालय निर्माण वडा नं. १०, शिव मन्दिर सत्तल निर्माण कु.न.पा. ९, अलपेश्वर गुफा पुर्वाधार निर्माण कु.न.पा. ९, कुमाल सामुदायिक भवन कु.न.पा. ५, चण्डेश्वरी तथा लक्ष्मीनारायण मन्दिर कु.न.पा. २, काफलचौर मुखिया डाँडा पार्क, कु.न.पा. २, रुद्रेश्वर महादेव मन्दिर कु.न.पा. ८, भक्तेश्वर मन्दिर परिसरमा पुर्वाधार निर्माण कु.न.पा. ७, धार्मिक पर्यटन पार्क कु.न.पा. ११, लालेश्वर महादेव मन्दिर कु.न.पा. ८ र सत्यनारायण पर्यटकिय मन्दिर कु.न.पा. ५ समेत गरि कुल रु. २ करोड ८९ लाख संघीय सरकारवाट हस्तान्तरित कार्यक्रम अन्तर्गत विनियोजन भएको छ ।

**सामाजिक विकास क्षेत्रः**

१८. स्थानीय विकासको प्रमुख आधार शिक्षाको विकासका लागि पुर्वाधार, शैक्षिक सुधार र शिक्षकहरुको तालिमका लागि आवश्यक वजेट विनियोजन गरेकी छु । वार्षिक रुपमा विद्यालयस्तरमा सञ्चालन गरिने परिक्षा नगरपालिकास्तरमा सञ्चालन गर्नको लागी आवश्यक वजेटको विनियोजन गरेकी छु । आफुले अध्यापन गराएको विषयमा शत प्रतिशत (कम्तिमा **C** ग्रेड) नतिजा सहित उत्कृष्ट अंक हासिल गर्ने **शिक्षकहरुलाई सम्मान** का लागि आवश्यक वजेट विनियोजन गरेकी छु ।

१९. **नगर प्रमुखसँग विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम** अन्तर्गत विगत वर्ष देखी सञ्चालनमा रहेको एस.ई.ई. र कक्षा १२ मा ३.६३ वा सो भन्दा माथि जि.पी.ए. ल्याउने विद्यार्थीलाई छात्रवृत्ति दिने कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता साथै स्वर्णिम अवकाश योजना मार्फत **अवकास लिने शिक्षकलाई प्रोत्साहन** स्वरुप रु. ३० लाख वजेटको विनियोजन गरेकी छु ।

२०. सामुदायिक विद्यालयका छात्राहरुको लागि **निशुल्क स्यानिटरी प्याड** उपलब्ध गराउनका लागि १७ लाख ९४ हजार वजेट विनियोजन गरेकी छु ।

२१. आधारभुत तहका विद्यार्थीको पोषण र उपस्थितिका दर वृद्धी गर्नका लागी बाल कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीलाई **दिवा खाजाको लागि** ७५ लाख ६८ हजार वजेट विनियोजन भएको छ ।

२२. **महिला, वालवालिका, जेष्ठनागरिक, दलित, जनजाति, अल्पसंख्यक र अपाङ्गता** भएका ब्यक्तिहरुलाई मुलप्रवाहीकरण गर्नका लागि पहुँच, सहभागिता र सशक्तिकरणका लागी १५ लाख वजेट विनियोजन गरेकी छु ।

२३. **"ग" वर्गका अपाङ्गता** भएका नागरिकहरुका लागि शत प्रतिशत रकम नगरपालिकाले व्यहोर्ने गरी **स्वास्थ्य विमा कार्यक्रम** सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेकी छु ।

२४. **राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता** सञ्चालन तथा खेलकुद्ध क्षेत्रको प्रवर्द्धनका लागी ३० लाख वजेट विनियोजन गरेकी छु ।

२५. **सुत्केरी सँग उपप्रमुख कार्यक्रम** लाई निरन्तरता दिनका लागि रु. १२ लाख विनियोजन गरेकी छु ।

**भौतिक पुर्वाधारः**

२६. हाम्रो नगरको **प्रशासनिक भवन निर्माण** गर्नका लागि रु. ५ करोड वजेट विनियोजन गरेकी छु ।

२७. कुश्मा नगरपालिका वडा नं. १३ मा खौला मा.वि. ओकादी अधेरीनेटा सडक स्तरउन्नतीको लागि गण्डकी प्रदेश सरकार अन्तर्गत रु. ६० लाख समपुरक अनुदान विनियोजन भएको छ ।

२८. संघीय सरकार समपुरक अनुदानमा भीरमुनी रिमालचोक सडकका लागि यस आ.व. मा समेत २५ लाख प्राप्त भएको छ ।

२९. कुश्मा नगरपालिकाका १४ वटै वडाहरुको सडक, सिँचाई, खानेपानी पुर्वाधार निर्माणको लागि वडागत योजना तथा कार्यक्रमका लागि ५ करोड १५ लाख विनियोजन गरेकी छु ।

३०. नगरबासीमा सफा र स्वच्छ खानेपानीको सहज पँहुच विस्तार गर्नका लागी वडा नं. १३ मा विगत देखि सञ्चालनमा रहेको **एक घर एक धारा कार्यक्रम** लाइ निरन्तरता दिन संघीय सरकार विशेष अनुदानवाट ७० लाख विनियोजन गरिएको छ ।

३१. पथ्थरखोला पाङ सिँचाई, कु.न.पा. १ का लागि गण्डकी प्रदेश सरकारको विशेष अनुदान मार्फत रु. ४० लाख विनियोजन भएको छ ।

३२. नागरिकहरुको दैनिक आवत जावतलाई छोटो, छरितो, सहज र सरल बनाउन रणनितिक महत्व बोकेका स्थानहरुमा **झोलुगें पुलको** निर्माणका लागि १० लाख विनियोजन गरेकी छु ।

३३. खुर्कोट स्वास्थ्य चौकी तथा कटुवाचौपारी स्वास्थ्य चौकी भवन निर्माणका लागी ३८ लाखका दरले वजेट विनियोजन गरेकी छु ।

३४. कुश्मा नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुमा रहेका सडकहरुको स्तोरउन्नती गर्नका लागि सहस्रधारा तल्लो चौर सडक, हिमालय मा.वि सिम्ले घारी सडक, लक्ष्मी मन्दिर चोक बास्तोलाटोल गैरा टारी सालघारी सडक, लहरेपिपल सालघारी केटीचौर सडक, स्वास्थ्यचौकी, मराङसिङ पोखरा बाग्लुङ राजमार्ग देखी वडा कार्यालय जाने सडक, साईकलचोक हरहरेडिल मोदीबिणी सडक, न्वारम्टो चाचारीचोक भारतीखोर लाम्पाटा चोक सडक, पदाले चोक लामिछाने कुल मन्दिर सडक स्तरउन्नती, अम्बोट देखि ओकादी सडकका लागि एकमुष्ट रु. ५ करोड ३५ लाख वजेट विनियोजन भएको छ ।

**वन, वातावरण तथा विपद् ब्यवस्थापनः**

३५. विपद् प्रभावितको उद्धार र राहतलाई प्रभावकारी वनाउन विपद ब्यवस्थापनमा संलग्न निकायहरुको क्षमता अभिवृद्दीको लागि आवश्यक स्रोत ब्यवस्थापन गरेकी छु । विपद पुर्वतयारी, खोज, उद्धार, पुर्नस्थापनामा स्थानीय समुदायको अभिवृद्दीका लागि स्वयंसेवक परिचालन गरिने छ । प्रकोप

ब्यवस्थापन कोषमा ५० लाख वजेट विनियोजन गरेकी छु । मनसुनजन्य विपत पश्चात निर्माण गरिने आवाशमा समपुरकका लागि रु. ५० लाख वजेट विनियोजन गरेकी छु ।

३६. नगरपालिका क्षेत्रभित्र उत्पन्न हुने फोहेरमैला व्यवस्थापन कार्यको लागी रु. ३० लाख रकम विनियोजन गरेकी छु ।

**संस्थागत क्षमता विकास, सेवा प्रवाह र सुशासनः**

३७.सेवाग्राहीले सम्पत्तिकर तथा भुमिकर र अन्य राजश्व वुझाउनका लागि सुत्र प्रणाली राजश्व मोड्युल पुर्ण रुपमा हरेक वडाहरुवाट सञ्चालन गर्ने सम्वन्धमा यस अगावै राजश्व संकलन गरिएको साँग्रिला माइक्रोसिस्टमा प्रविष्ट भएका १६ हजार करदाताको डाटाब्याकअप लाई सुत्र राजश्व मोड्युलमा माइग्रेट गर्नका लागि महालेखा नियन्त्रक कार्यालयमा डाटा ब्याकअप सहित लेखि पठाईएको छ । महालेखा नियन्त्रक कार्यलयले उक्त डाटालाई माइग्रेट गर्नासाथ सुत्र राजश्व मोड्युल पुर्ण रुपमा लागु गरि हरेक वडा कार्यालय तथा अनलाईन माध्यमवाट राजश्व वुझाउन सक्ने ब्यवस्था मिलाइनेछ ।

३८. सार्वजनिक सेवालाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा सहभगितामुलक वनाउन सुशासनका आधारभुत तत्वहरुको परिचालन गर्न, प्रविधिमैत्री वनाउन, क्षमता तथा सीप विकास मार्फत उत्तरदायी वनाउन आवश्यक वजेट विनियोजन गरेकी छु ।

३९. न्यायीक समितिको वडातह सम्म नै पहुँच स्थापित गरि मेलमिलाप मार्फत विवाद समाधान गर्न न्यायिक समितिलाई थप क्रियाशिल वनाई कार्यसम्पादनमा प्रभावकारी वनाउन रु. १५ लाख वजेट विनियोजन गरेकी छु ।

४०. सुचनाको हकको प्रवर्द्धन एवं विकास निर्माण प्रकृयाको जवाफदेहिताको लागि राष्ट्रिय स्तरका संवाददाता तथा स्थानीय पत्रकारिता प्रवर्द्धनको लागि रु. १० लाख चालु खर्चवाट विनियोजन गरेकी छु ।

४१. अव म चालु आर्थिक वर्ष २०८०/०८१ को संसोधित आय व्यय र आर्थिक वर्ष २०७९/०८० को यर्थाथ आय व्यय पेश गर्ने अनुमति चाहान्छु ।

- चालु आर्थिक वर्ष २०८०/०८१ मा पुर्वाधार विकास, सामाजिक विकास, संस्थागत विकास, आर्थिक विकास, वातावरण तथा फोहोरमैला व्यवस्थापन लगायत विभिन्न विषय केन्द्रित योजना तथा कार्यक्रमहरु कार्यान्वयन गरिएका थिए । चालु आर्थिक बर्ष २०८०/०८१ मा कुल आय ८७ करोड ८५ लाख प्रस्ताव गरिएकोमा ८८ करोड १६ लाख ५६ हजार को संसोधित आय अनुमान गरी प्राथमिकताका कार्यक्रमहरुमा खर्च हुने ब्यवस्था मिलाएकी छु । जस अन्तर्गत आर्थिक विकास तर्फ ३ करोड २८ लाख ९

हजार, सामाजिक विकास तर्फ ५१ करोड ३९ लाख ९३ हजार, पुर्वाधार विकास तर्फ १४ करोड ३८ लाख ९० हजार, सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र तर्फ ४ करोड ५२ हजार र कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ १५ करोड ९ लाख १२ हजार खर्च गर्ने ब्यवस्था मिलाएकी छु ।

- यस आर्थिक बर्ष मा सम्पन्न भई कम आयका कारण भुक्तानी दिन वाँकी रहेका योजना तथा कार्यक्रमका लागि आगामी आर्थिक बर्ष मा वजेट विनियोजन गर्ने ब्यवस्था मिलाएकी छु ।
- गत आर्थिक बर्ष २०७९/०८० मा कुल आय ९३ करोड ३४ लाख ९७ हजार प्रस्ताव गरिएकोमा ८२ करोड १८ लाख ६९ हजार आय भएको र कुल व्यय ७७ करोड ४४ लाख ८३ हजार भई मौज्दात ४ करोड ७३ लाख ८६ हजार हस्तान्तरण भएको थियो ।
- नगरसभाको दशौं अधिवेशनवाट आर्थिक बर्ष २०८०/०८१ को स्वीकृत भएको वजेट तथा कार्यक्रमको साथै नगरपालिका र नगर कार्यपालिकाको निर्णयवाट छनोट गरी कार्यान्वयन गरिएका सवै योजना तथा कार्यक्रमहरु समेत यस एघारौं अधिवेशनवाट अनुमोदन सहित स्वीकृत गर्न प्रस्ताव पेश गरेकी छु ।

**सभाध्यक्ष महोदय**

४२. आर्थिक वर्ष २०८१/०८२ को लागि अनुमान गरिएको खर्च ब्यहोर्ने स्रोत मध्ये नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान १२ करोड ६६ लाख, गण्डकी प्रदेश सरकार वित्तीय समानीकरण अनुदान १ करोड ७६ लाख ५ हजार, नेपाल सरकार राजश्व वाँडफाँड १० करोड ७४ लाख ९७ हजार, प्रदेश सरकार राजश्व वाँडफाँड अन्तर्गत २ करोड ६१ लाख ३१ हजार, वाँडफाँड भई प्राप्त हुने मालपोत रजिष्ट्रेशन शुल्क २ करोड, आन्तरिक आय र आर्थिक वर्षको अन्त्यमा वैंक खाताहरुमा रहेको मौज्दात रकम समेतवाट ९ करोड ६६ लाख ६७ हजार, नेपाल सरकार सशर्त अनुदान चालु तर्फ ४१ करोड ५९ लाख ५२ हजार, नेपाल सरकार सशर्त अनुदान पुँजीगत तर्फ ९ करोड १३ लाख २० हजार, नेपाल सरकारवाट प्राप्त समपुरक अनुदान २५ लाख, नेपाल सरकार विशेष अनुदान ७० लाख, गण्डकी प्रदेश सरकारवाट प्राप्त विशेष अनुदान ४० लाख र समपुरक अनुदान ६० लाख गरि कुल जम्मा ९२ करोड १२ लाख ७२ हजार आय अनुमान गरिएको छ ।

**४३.** आर्थिक वर्ष २०८१/०८२ को लागि कुल वजेट ९२ करोड १२ लाख ७२ हजार विनियोजन गरेकी छु । कुल विनियोजित रकम मध्ये नगर सभा द्धारा वाँडफाँट योग्य रकम ३९ करोड ४५ लाख मध्ये चालु खर्च तर्फ एकमुष्ट १५ करोड १६ लाख र पुँजीगत खर्च तर्फ वडागत योजना तथा कार्यक्रमका लागि ५ करोड १५ लाख विनियोजन गरेकी छु । नगर स्तरिय

पुर्वाधार कार्यक्रममा ५ करोड ८० लाख, सामाजिक विकास तर्फ ३ करोड १४ लाख, आर्थिक विकास तर्फ १ करोड ३० लाख, सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र (विपत ब्यवस्थापन समेतमा) १ करोड ३० लाख, संस्थागत विकास तथा सेवा प्रवाह सुशासन तर्फ १ करोड १० लाख, समपुरक कोष तर्फ १ करोड ५० लाख, यस आ.व. मा भुक्तानी दिन बाँकी योजना तथा कार्यक्रमका लागि ५ करोड विनियोजन गरेकी छु । चालु तर्फ ५५.७७ प्रतिशत र पुँजीगत ४४.२३ प्रतिशत विनियोजन भएको छ । संघीय सरकार र प्रदेश सरकारवाट हस्तान्तरित शसर्त, समपुरक र विशेष अनुदान तर्फका ५२ करोड ६७ लाख ७२ हजार वरावरका योजना तथा कार्यक्रमहरु तोकिए वमोजिम नै खर्च हुने ब्यवस्था मिलाएकी छु । वजेट, योजना तथा कार्यक्रम सम्वन्धि विस्तृत विवरणहरु अनुसुचीहरुमा समावेश गरिएको छ ।

**अन्त्यमा,**

आम नगरबासीको विकास प्रतिको उत्कृष्ट आंकाक्षालाई साकार पार्न, नगरको ऐतिहासिक सांस्कृतिक पर्यटकीय महत्वलाई सामाजिक न्याय, समानता, सामाजिक सद्भाव एवं बन्धुत्व विकास र समग्र नगरको विकास तथा समृद्धिको महत्वलाई थप उजागर गर्ने विश्वास लिएकी छु ।

बजेट तर्जुमा जति महत्वपुर्ण छ सफल कार्यान्वयनमा यसको सार्थकता झल्किन्छ । यसर्थ समृद्ध सुन्दर कुश्मा नगर बनाउने हाम्रो पवित्र उद्धेश्यलाई साकार पार्नका लागि सम्पूर्ण नगरबासीहरु, नगरसभासदस्य ज्यूहरु, कर्मचारीहरु, करदाता महानुभावहरु, विकास साझेदार संघसंस्थाहरु, सरकारी गैरसरकारी तथा सामुदायिक संघसस्थाहरु, संचार जगत एवं सम्बद्ध सबैलाई सदा झै सहकार्य, समन्वय र रचनात्मक सहयोग गर्न सादर अनुरोध गर्न चाहन्छु । यस बजेटको सफल कार्यन्वयनमा सबै पक्षको साथ र सहयोगको समेत अपेक्षा गर्दछु ।

धन्यवाद ।।।

मितिः २०८१ असार ०७

स्वस्थानी रिजाल
उपप्रमुख